## एशियन लाईफ इन्स्योरेन्सको नविनतम जीवन बीमा योजना "जीवन संजीवनी" सम्बन्धी प्रेस विज्ञप्ती

एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडले नयाँ जीवन बीमा योजना **"जीवन संजीवनी" (अग्रिम भुक्तानी सावधिक र आजीवन)** सार्वजनिक गरेको छ । कम्पनीको संचालक समितिका **अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ ज्यूले** मिति २०७५/०५/०२ गते लुम्बिनीको होटल बुद्धमाया गार्डेन्स्मा आयोजित कम्पनीको शाखा प्रबन्धक सम्मेलनको समुद्घाटन कार्यक्रमका अवसरमा नयाँ बीमा योजना सार्वजनिक गर्नुभयो ।

**यस योजनाका मुख्य विशेषताहरु:**

- न्यूनत्तम रु. ५० हजारको बीमाङ्कमै शुरु गर्न सकिने ।
- बीमितले बीमा अवधीभर पटक-पटक किस्तामा भुक्तानी पाउने ।
- बीमित ९९ वर्ष पुरा हुन्जेल जीवितै रहेमा थप बीमाङ्क रकम भुक्तानी पाउने ।
- बीमितले बीमाको रकम भुक्तानी पाउन बीमा समाप्ती अवधीसम्म कुर्नुपर्दैन ।
- बीमा अवधीका आधारमा बीमा शुरु भएको ३वर्ष* देखि नै किस्तामा बीमाङ्कको रकम भुक्तानी पाउने ।
- बीमा अवधीभित्रै बीमितको मृत्यु भएमा परिवारजनले बाँकी बीमाशुल्क नतिरी नै बीमाङ्क रकम र आर्जित बोनश एकमुष्ठ भुक्तानी पाउने ।

यस कम्पनीको अधिकृत पूँजी रु. ५ अर्ब र चुक्ता पूँजी रु. १ अर्ब २५ करोड ६७ लाख रहेको छ । यसअघि १८ वटा जीवन बिमा योजनाहरु प्रचलनमा ल्याएको यस कम्पनीले २८ वटा शाखा र ७१ वटा उपशाखामार्फत् देशैभर जीवन बीमा सेवा पुऱ्याइरहेको छ ।

***शर्तहरु लागू हुनेछन् ।**

मिति : २०७५/०५/०३

भवदीय,

(राजेश कुमार श्रेष्ठ)
प्रमुख कार्यकारी अधिकृत


एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं, नेपाल फोन : ४४३०२७०, ४४१०११५, फ्याक्स नं. ४४४२१३८, पो.ब.नं. २५९४३
ईमेल: asianlife@asianlife.com.np, वेभसाइट: www.asianlife.com.np